**ण्नेपाल सरकार**
**शिक्षक सेवा आयोग**
**सानोठिमी, भक्तपुर**
**खुला प्रतियोगितात्मक लिखित परीक्षाको**
**नतिजा तथा अन्तर्वाता सम्बन्धी**

# सूचना

शिक्षक सेवा आयोगबाट प्रकाशित भएको तपसिलमा उल्लेखित वि.नं. र तहको स्थायी पदपूर्तिको लागि भएको विज्ञापन बमोजिम मिति २०७०।२।१० गते लिइएको लिखित परीक्षामा सम्मिलित भएका उम्मेदवारहरुमध्ये सिलसिलेवार रुपमा देहायका उम्मेदवारहरुलाई देहायको मिति, समय र स्थानमा हुने अन्तर्वार्ताको लागि छनौट गर्ने गरी आयोगबाट **मिति २०७०।९।०२** गते निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्नमाध्यमिक तहको नतिजा प्रकाशित भएको विषय र जिल्ला**

| क्र.सं. | विषय | जिल्ला |
|---|---|---|
| पूर्वाञ्चल विकास क्षेत्र | | |
| ३ | संस्कृत | ओखलढुङ्गा |

## पुर्वाञ्चल

## विषयः संस्कृत

जिल्ला : **ओखलढुङ्गा** वि.नं. २२९१/०६९-७० **खुला**
माग पदसंख्या :१ लि.प.मा सम्मिलित संख्या :१

| क्र.सं. | रोनं. | नाम, थर |
|---|---|---|
| १ | १२२२९०००० | गोविन्दप्रसाद निरौला |

**अन्तर्वार्ता कार्यक्रम निम्नानुसार रहेको छ**

| सि. नं. | विषय | जिल्लाहरु | अन्तर्वार्ता सञ्चालन मिति | स्थान र समय |
|---|---|---|---|---|
| १ | संस्कृत | ओखलढुङ्गा | २०७०/१०/१५ | क्षेत्रीय शिक्षा निर्देशनालय, धनकुटा विहान ८:०० बजेदेखि |

**अन्तर्वार्तामा आउँदा उम्मेदवारहरुले ल्याउनुपर्ने कागजातहरु र अन्य जानकारी**

१. नागरिकताको प्रमाणपत्र र सक्कल प्रवेशपत्र
२. शैक्षिक योग्यता, तालिम र अध्यापन अनुमतिपत्रसमेतका सक्कल प्रमाणपत्रहरु (शैक्षिक योग्यताका प्रमाणपत्र भन्नाले एस. एल. सी. देखि सम्बन्धित तह र विषयका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता भन्ने बुझ्नु पर्दछ )
३. हालसालै खिचिएको पासपोर्ट साइजको एकप्रति फोटो
४. नेपाल सरकारको स्वीकृत दरवन्दीमा अस्थायी रुपमा काम गरिरहेका (नेपाल सरकारबाट स्वीकृत रिक्त दरवन्दी वा स्वीकृत दरबन्दीको लियन पदमा) र हाल लिखित परीक्षामा उत्तीर्ण भएर अन्तर्वार्तामा सामेल हुने उम्मेदवारहरुले आफ्नो सक्कल नियुक्तिपत्र (आफूले लिखित परीक्षा उत्तीर्ण गरेको तह र श्रेणीमा काम गरेको मात्र) र सम्बन्धित जिल्ला शिक्षा अधिकारीले अविच्छिन्न सेवा गरेको भनी प्रमाणित गरिदिएको प्रमाणित सक्कल कागजात
५. समावेशी समूहबाट अन्तर्वार्ता दिन आउने उम्मेदवारले आफू समावेश भएको समावेशी समूहको प्रमाणित सक्कल कागजात
६. उम्मेदवारले ल्याएका सबै सक्कल प्रमाणपत्रका एकएक प्रति प्रमाणित प्रतिलिपि, अविच्छिन्न सेवा प्रमाणितको सक्कलै कागजात र आयोगबाट उपलब्ध गराइएको व्यक्तिगत विवरण फाराम भरी रेकर्ड फाइलमा राखेर पेश गर्नुपर्नेछ ।
७. उल्लिखित सक्कल कागजात लिई नआउने उम्मेदवारलाई अन्तर्वार्तामा सामेल गराइने छैन ।
८. आफ्नो अन्तर्वार्ता हुने अघिल्लो दिन प्रत्येक उम्मेदवारले सम्बन्धित सम्बन्धित अन्तर्वार्ता केन्द्रमा अनिवार्य रुपमा सम्पर्क गरी व्यक्तिगत विवरण फाराम लिनुपर्नेछ ।
९. आयोगको पूर्व सूचना विना अन्तर्वार्ताको निर्धारित कार्यक्रम स्थगित गरिने छैन ।
१०. थप जानकारी लिनु परेमा आयोगको website ( www.tsc.gov.np) मा logon गर्न सकिनेछ ।
११. नतिजा प्रकाशन सम्बन्धी केहि त्रुटि भएमा आयोगको अभिलेखबाट सच्चाइनेछ ।